दमक नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
दमक झापा

१ नं. प्रदेश, नेपाल

## किट्स, केमिकल तथा एसेसोरिज खरिद सम्बन्धी  शिलबन्दि दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७६/०९/२८

यस दमक नगरपालिका अर्न्तगतको दमक अस्पतालको प्रयोगशालाको लागि आवश्यक किट्स, केमीकल्स तथा एसेशोरिज खरिद तथा आपूर्तीको लागि योग्य फर्महरूवाट राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत निम्न शर्तहरुको अधिनमा रही खरिद गर्न शिलबन्दि दरभाउपत्र आव्हान गरिएकोछ ।

| ठेक्का नं. | विवरण | लागत अनुमान | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| IFB No. DM/JHAPA/CHE/31/2076-77 | किट्स, केमिकल तथा एसेसोरिज खरिद | २५,००,०००। (भ्याट सहित) | ६३,०००। | |

१. शिलबन्दि दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिनसम्ममा कार्यालय समय भित्र यस दमक नगरपालिका बाट रु. १०००।०० (एक हजार) नगदै बुझाई (पछि फिर्ता नहुने) गरी खरिद गर्न सकिनेछ ।
२. शिलबन्दि दरभाउपत्र खरिद गर्न कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७५।०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र माथि उल्लेखित बोलपत्र सम्वन्धी कागजातको दस्तुर ( फिर्ता नहुने) रसिद पेश गर्नुपर्नेछ ।
३. शिलबन्दि दरभाउपत्र जमानत वापतको रकम राष्ट्रिय बाणिज्य वैंक, दमक शाखाको  नाममा रहेको धरौटी खाता नं. २१४०३०३००७१०२ मा जम्मा गरेको सक्कल वैंक भौचर वा सो रकम वरावरको कुनै वाणिज्य वैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको वैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ । उक्त वैंक ग्यारेन्टी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन सम्मको मान्य अवधि भएको हुनु पर्नेछ ।
४. शिलबन्दि दरभाउपत्र माग गरिएको प्रथम पटक सूचना प्रकाशित मितिले १५ औं दिन २०७६।१०।१३ गते सम्म कार्यालय समय भित्र खरिद गरी सो को भोलिपल्ट मिति २०७६।१०।१४  गते दिनको १२:०० बजे भित्र दर्ता गराउनु पर्नेछ ।
५. तोकिएको समयभित्र पेश भएका शिलबन्दि दरभाउपत्रहरु शिलबन्धि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा यस नगरपालिकामा २०७६।१०।१४ गते दिनको २:०० बजे खोलिनेछ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
६. शिलबन्दि दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त अनुसार नै हुनेछ ।
७. शिलबन्दि दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा स्लाइस अनुसार स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहेको छ ।
८. यस सम्बन्धी अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य सम्बन्धीत कानून वमोजिम हुनेछ ।
९. थप जानकारीका लागि यस दमक नगरपालिकाको स्वास्थ्य शाखामा सम्पर्क राख्न र www.damakmun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत